खण्ड (४) मिति २०७७ मंसिर ३३ गते संख्या (२)

# ताराखोला गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड (४) संख्या (२) मिति - २०७७।०८।२२

## भाग २
## ताराखोला गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिम ताराखोला गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ

### ताराखोला गाउँपालिकाको एकिकृत नमूना कृषि फार्म स्थापना कार्यक्रम संचालन कार्यविधि-२०७७

**प्रस्तावनाः** निर्वाहमूखी कृषि प्राणालीलाईव्यवसायीक तथा औद्योगिक कृषि प्राणालीमा रुपान्तरण गरी उत्पादनमूलक क्षेत्रमा प्रशस्त रोजगारी सृजना गर्ने र दिगो कृषि विकासको माध्यमबाट मुलुकको समग्र आर्थिक विकास र गरिबी न्यूनिकरणको राष्ट्रिय लक्ष्य हासिल गर्न संघीय सरकारको सहयोगमा यस गाउँपालिकाले एकिकृत नमूना कृषि फार्म स्थापना कार्यक्रम संचालनमा ल्याएको छ । उक्त नमूना कृषि फार्म स्थापना कार्यक्रमलाई व्यवस्थित, सरलीकृत र पद्वतिमूलक रुपले संचालन गर्न बाञ्छनीय भएकाले,

ताराखोला गाउँपालिकाको गाउँ कार्यपालिकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम ताराखोला गाउँपालिकाको गाउँ कार्यपालिकाले "ताराखोला गाउँपालिकाको एकिकृत नमूना कृषि फार्म स्थापना कार्यक्रम संचालन कार्यविधि-२०७७"तयार गरीलागु गरेको छ ।

परिच्छेद१

<u>प्रारम्भिक</u>

ताराखोला गाउँपालिका

**१.संक्षिप्तनामरप्रारम्भ** : (१) योकार्यविधिकोनाम" **ताराखोला गाउँपालिकाको एकिकृत नमूना कृषि फार्म स्थापना कार्यक्रम संचालन कार्यविधि-२०७७"** रहेको छ।

(२) यो कार्यविधि ताराखोला गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

३) यो कार्यविधि ताराखोला गाउँपालिका भर लागु हुनेछ ।

२. **परिभाषाः** विषयरप्रसंगलेअर्कोअर्थनलागेमायसकार्यविधीमा,

१) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झिनुपर्छ ।

२) “कार्यपालिका” भन्नाले ताराखोला गाउँ कार्यपालिका सम्झनुपर्छ ।

३) “कार्यक्रम” भन्नाले एकिकृत नमूना कृषि फार्म स्थापना कार्यक्रम सम्झनु पर्दछ ।

४) “कृषक” भन्नाले यस कार्यविधिको प्रयोजनको लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यवसायीक कृषि खेति/पशुपन्छी मत्स्यपालन गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारीलाई समेत सम्झनुपर्छ ।

५) “भौतिक पूर्वाधार” भन्नाले यस कार्यक्रम अनुसार स्थापना हुने एकिकृत नमूना कृषि फार्मका लागि आवश्यक पर्ने भौतिक पुर्वाधार ( भवन, विजुली, पानी, सडक, प्लास्टिक घर, शित भण्डार गृह, हाईटेक नर्सरी संरचना, ग्रिन हाउस, तालिम केन्द्र, पशुपन्छी पालनका लागि गोठ,खोर,कप्पाउन्डिङ, युरिनल निर्माण, मल व्यवस्थापन, माछा तथा हाँस पालन पोखरी, मौरी घार लगायत अन्य आवश्यक संरचना) तथा मेसिनरी औजार/उपकरण आदी सम्झनुपर्छ ।

६) “एकिकृत नमूना कृषि फार्म” भन्नाले यस कार्यविधि बमोजिम स्थापना हुने साधन, स्रोत र प्रविधिको व्यवस्थित रुपमा प्रयोग भएको कृषि, पशुपन्छी तथा मत्स्यसँग सम्बन्धित छुट्टाछुट्टै वाली बस्तु वा दुई वा दुई भन्दा बढी बाली वा बस्तुको एकीकृत रुपमा नै संचालन गरिएको नमुना फार्म र सो सँग सम्बन्धित उद्योग भन्ने सम्झनुपर्छ ।

७) “आवेदक” भन्नाले नमूना कृषि फार्म स्थापनाको लागि अनुदान सहयोग लिन गाउँपालिका समक्ष आवेदन दिएका कृषक/कृषक समूह/कृषि फार्म/कृषि सहकारीलाई सम्झिनुपर्छ ।

८) “अनुदानग्राही” भन्नाले नमूना कृषि फार्म निर्माणको लागि अनुदान पाउनका लागि दफा ३.६ बमोजिम छनौट भएका आवेदकलाई जनाउदछ ।

९) "कार्यालय" भन्नाले ताराखोला गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

१०) "शाखा" भन्नाले ताराखोला गाउँपालिकाको कृषि तथा पशु सेवा शाखालाई सम्झनु पर्दछ ।

११) “वडा”भन्नाले ताराखोला गाउँपालिकाको वडा सम्झनुपर्छ ।

## परिच्छेद२-

## कार्यक्रमसञ्चालनको उद्देश्य

ताराखोला गाउँपालिका

२.१ यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।
२.१.१ खेतियोग्य जमिनको चक्लाबन्दी गरी व्यवसायीक कृषि प्रणालीका आधारहरुको विकास गर्ने ।
२.१.२ आधुनीक कृषि प्रविधिहरुको अवलम्वन गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्घि गरी आयात न्यूनिकरण गर्न सहयोग पुर्याउने ।
२.१.३ यूवाहरुलाई कृषि पेशामा आकर्षण गर्दै स्वरोजगार बन्न प्रोत्साहन गर्ने ।
२.१.४ स्थानिय कृषि तालिम तथा स्रोत केन्द्रको विकास गरी आसपासका कृषक तथा उद्यमीहरुलाई सेवा प्रवाह गर्ने ।
२.१.५ कृषि पर्यटनको प्रवद्वन गरी ग्रामीण गरिबी न्युनिकरण गर्न टेवा पुर्याउने ।
२.१.६ रैथाने रुपमा रहेका बालिवस्तु र पशुपन्छीहरुको स्रोत केन्द्र स्थापना गर्न सहयोग पुर्याउने ।
२.१.७ ताराखोला गाउँपालिकालाई कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर गराइ निर्यात प्रर्वद्धन गर्ने ।

## परिच्छेद-३

## कार्यक्रमसञ्चालनप्रक्रिया

**३.१ कार्यक्रम सञ्चालन** : यो कार्यक्रम वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालनहुनेछ।

**३.२ अभिमूखिकरण कार्यक्रम संचालन गर्नेः** १) ताराखोला गाउँपालिकाको एकिकृत कृषि नमूना फार्म स्थापना कार्यक्रमको उद्देश्य, यसका तात्कालिक र दिर्घकालिन प्रभाव, कार्यक्रम संचालनका तरिका आदीको बारेमा सबै वडामा एक/एक दिने अभिमूखिकरण गोष्ठी संचालन गर्न सकिनेछ ।

२) गोष्ठीबाट आएका माग बमोजिमका बालीवस्तु समेटिने गरी एकिकृत नमूना कृषि फार्मको कार्यक्रम केन्द्रित गर्न सकिनेछ ।

**३.३ प्रस्ताव माग गर्ने :** १) नमूना कृषि फार्म स्थापनामा सहयोग पुर्याउन अनुदान दिने उदेश्यले गाउँपालिकाले १५ दिने म्याद दिई स्थानीय स्तरका पत्रिका वा एफ.एमवा सामाजिक संजाल मार्फत प्रस्ताव आह्वानको लागी **अनुसूचि १** बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

२) उपदफा (१)बमोजिम आवेदकले **अनुसूचि २** बमोजिमको निवेदनका साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्दछ ।

२.१ माग निवेदनको साथ फर्म/समूह/संस्था प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ताभएको प्रमाणपत्र र स्थायि लेखा नम्बर प्रमाणपत्रकोप्रतिलिपीएक/एक प्रति ।

२.२ समुह वा संस्थाको हकमा कार्यसमितिको बैठकले नमूना कृषि फार्म स्थापनाको लागि सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि।

२.३ आवेदकले आफुले संचालन गर्ने कृषि व्यवसायको **अनुसूचि ३** बमोजिमको परियोजना प्रस्ताव।

२.४ फर्म/समूह/संस्थाको स्वामित्वमा अनुसूची ४ बमोजिम बिषय क्षेत्र र न्यूनतम मापदण्ड पुगेको जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा प्रचलित नियम बमोजिम कम्तिमा १० बर्ष लिजमा लिएको

ताराखोला गाउँपालिका

खुल्ने सक्कल कागज । फर्म संचालकको हकमा एकाघरको सदस्यको नाममा जग्गाधनी दर्ता पूर्जा भएमा जसको नाममा जग्गाधनी दर्ता पूर्जा छ उसको मन्जुरीनामा समावेश गर्नुपर्नेछ ।

२.५ नयाँ उद्यमी, फार्म, कम्पनी, समुहतथा कृषि सहकारी भएको खण्डमा प्रस्ताव दर्ता गराउने अन्तिम म्याद अगावै दर्ता भई सम्पूर्ण कागजात प्राप्त भैसकेको हुनुपर्ने छ ।

२.६ दुई वा दुई भन्दा बढि संस्थाहरु आपसमा मिली संयुक्त रुपमा प्रस्ताव तयार गरी आवेदन दिएमा नेतृत्व गर्ने संस्था खुल्ने गरी संस्थाहरुबिचको संयुक्त सहकार्यको सहमति (Joint Venture Agreement) पत्र समेत पेश गर्नुपर्नेछ ।

**३.३ प्रस्ताव दर्ता एवं संकलन** : आवेदकले अनुसूची-२ अनुसारको निवेदनको साथ अनुसूची-३ बमोजिमको प्रस्ताव सहित गाउँपालिकाले सूचना प्रकाशनका बखत तोकेको निकायमा तोकिएको अवधिभित्रै दर्ता गरिसक्नुपर्नेछ । यसरी दर्ता भएका प्रस्तावहरु कृषि तथा पशु सेवा शाखामा संकलन गरी राख्नुपर्नेछ ।

**३.४ कार्यक्रम संचालनः** यस कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम हुनेछ;

**३.४.१** यो कार्यक्रम संचालनको लागि फोकल शाखाको रुपमा गाउँपालिकाको कृषि तथा पशु सेवा शाखा रहनेछ ।

३.४.२ फिल्ड भेरीफिकेसन समेतको आधारमा प्राप्त आवेदनहरुको प्रस्ताव मुल्यांङ्कन समितिले गर्नेछ ।प्रस्ताव छनौट भए/नभएको सम्बन्धमा आवेदकले माग गरेमा गाउँपालिकाले निवेदन प्राप्त भएको मितिले १५ दिनभित्र आवेदकलाई सूचीत गर्नुपर्नेछ ।

३.४.३ सिफारिस भएका आवेदकहरुको प्रस्तावित कार्ययोजना, layout डिजाईन, लागत अनुमान तथा भौतिक पूर्वाधारहरुको मूल्यांकन गाउँपालिकाले गर्नेछ । यसको अनुगमन तथा कार्यान्वयनको चरणमा आवश्यक पर्ने प्राविधिक रेखदेख, सुपरिवेक्षण सम्बन्धी कार्य गाउँ कार्यपालिकाको कार्यलयबाट हुनेछ ।

३.४.४ गाउँपालिकाले उपदफा ३.३ बमोजिमका प्रस्तावहरुलाई छनौट गरी स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम संचालन गर्नुपर्नेछ ।

**३.५ प्रस्ताव मूल्याङ्कन समितिः** १)कार्यक्रमका लागि प्राप्त प्रस्तावहरुको छनौट गाउँपालिकाको कृषि विकास समितिले गर्नेछ ।

२) समितिले आवश्यकताका आधारमा सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**३.६ मूल्याङकनको आधार** : १) दफा ३.५ मा गठितसमितिले दफा ३.३ बमोजिम प्राप्त निवेदनहरुलाई **अनुसूचि** ४ अनुसार मापदण्ड पुगेको खण्डमा मात्र देहाय बमोजिमका आधारहरुमा मूल्यांकन गरी कृषि शाखासमक्ष सिफारिस गर्नुपर्नेछ । **अनुसूचि** ४ अनुसार मापदण्ड नपुगेका र प्रस्तावित अनुदान रकम बराबरको अनुदान सहयोग विगतका बर्षहरुमा सरकारी तथा गैह्रसरकारी संस्थाबाट पाईसकेका आवेदकहरुलाई मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन ।

नाम्खोला गाउँपालिका

| क्र.स | मूल्यांकनका आधारहरु | अधिकतम नम्बर | कैफियत |
|---|---|---|---|
| १. | नमूना कृषि फार्म स्थापना गर्ने (क) प्रस्तावित जमिन (ख)प्राकृतिक स्रोतको उपलब्धता (ग) प्राविधिक दृष्टिकोणबाट उपयुक्तता र (घ)बाटो तथा विजुलीको पहुच । | ४० | ताराखोला गाउँ कार्यपालिकाको कार्यलयको प्रतिवेदनको आधारमा । |
| १.१ | जमिनको अवस्था | १५ | |
| | तोकिएको न्यूनतम क्षेत्रफल भएमा | १० | |
| | तोकिएको न्यूनतम भन्दा बढि क्षेत्रफल भएमा | १५ | |
| १.२ | प्राकृतिक स्रोतको उपलब्धता | १२ | |
| | बाह्रै महिना सिचाई सुविधा भएमा | १२ | |
| | बाह्रै महिना भन्दा कम सिचाई सुविधा भएमा | ८ | |
| | सिचाई सुविधा उपलब्ध नभएमा | ५ | |
| १.३ | प्राविधिक दृष्टिकोणबाट उपयुक्तता | ३ | |
| | अनुकुल माटो तथा हावापानी भएमा | ३ | |
| | अनुकुल माटो तथा हावापानी नभएमा | ० | |
| १.४ | प्रस्तावित जग्गा सम्म बाटो तथा बिजुलीको पहुँच | १० | सम्बन्धित वडाको सिफारिसको आधारमा |
| | प्रस्तावित जग्गा सम्म वाटोको पहुँच | ५ | |
| | प्रस्तावित जग्गा सम्म विजुलीको पहुँच | ५ | |
| | प्रस्तावित जग्गा सम्म ३ फेज लाईन वा सो भन्दा बढी (२०० मि.वरिपरी) भएमा । | ५ | |
| | प्रस्तावित जग्गा सम्म ३ फेज लाईन भन्दा कम क्षमताको (२०० मि.वरिपरी) भएमा । | ४ | |
| २ | प्रत्यक्ष रोजगारी सृजना(प्रस्तावित) | ५ | |
| २.१ | पूर्णकालिन रोजगारी (प्रस्तावित) | ३ | |
| | ५ जना भन्दा बढी ब्यक्तिलाई रोजगारी दिएमा | ३ | |
| | २ देखि ५ व्यक्तिलाई रोजगारी दिएमा | २ | |
| | २ भन्दा कम व्यक्तिलाई रोजगारी दिएमा | १ | |
| २.२ | आंशिक रोजगारी (प्रस्तावित) | २ | |
| | ५० जना भन्दा बढी ब्यक्तिलाई रोजगारी दिएमा | २ | |
| | २० देखि ५० व्यक्तिलाई रोजगारी दिएमा | १ | |
| | २० भन्दा कम व्यक्तिलाई रोजगारी दिएमा | ०.५ | |
| ३ | आवेदक सस्थाको वितत्तिय लागानी(जग्गा बाहेक) | २० | प्रतिवद्वता पत्र हुनुपर्ने |
| | ५०% भन्दा कम लगानी भएमा | ० | |
| | ५०% लगानी गर्ने भएमा | १० | |
| | ५० देखि ७०% सम्म लगानी गर्ने भएमा | १५ | |

ताराखोला गाउँपालिका

| | | | |
|---|---|---|---|
| | ७०% भन्दा बढी लगानी गर्ने भएमा | २० | |
| ४ | नविन प्रविधिको अवलम्बन | ५ | |
| ५ | व्यवसायीक योजना | ३० | |
| ५.१ | वित्तिय योजना विश्लेषण | १६ | |
| ५.२ | व्यवसायीक योजनाको अन्य पक्षहरुको विश्लेषण | १४ | |
| | वस्तु तथा सेवाहरु | ३ | |
| | वजारीकरण योजना/रणनीति | ३ | |
| | व्यवसाय संचालन योजना | ३ | |
| | संगठन तथा व्यवस्थापन | ३ | |
| | व्यवसायको दिगोपना | २ | |

२) मूल्यांकन समितिले मूल्यांकन गरी मूल्याङ्कनको क्रममा न्यूनतम ७० अंक प्राप्त गरेका आवेदकहरु मध्ये बाट प्रत्येक वडाबाट बढीमा ३ वटा अधिकतम अंक हासिल गरेका आवेदकहरु छनौट गरी निर्णय गर्ने अधिकार गाउँपालिकाको कृषि विकास समितिलाई हुनेछ । तर कुनै वडाबाट ३ वटा वा सो भन्दा कम आवेदन परि ७० अंक प्राप्त नगरेमा वा आवेदन नै नपरेमा आवेदक छनौट गर्न बाध्य हुने छैन ।

३) उपदफा २ बमोजिम कृषि विकास समितिको निर्णयानुसार छनौट भएका आवेदकहरुसँग अनुसूची ५ बमोजिम सम्झौता गर्न १५ दिनको समय दिई पत्रचार गरिनेछ ।

४) उपदफा ३ बमोजिम १५ दिनभित्र सम्झौता गर्न नआएमा निज आवेदकको प्रस्ताव खारेज गरी गाउँपालिकाले सोही वडाको बैकल्पिक आवेदकलाई अनुसूची ५ बमोजिम सम्झौता गर्न १५ दिनको समय दिई पत्रचार गरिनेछ ।

## परिच्छेद-४

## साझेदारी र अनुदान प्रवाह

**४.१ लागत इष्टिमेट र सम्झौता** :१) प्रस्ताव छनौट पश्चात अनुदाग्राहीले प्रस्ताव बमोजिम गाउँपालिकाको स्वीकृत दररेट अनुसार लागत निर्धारण गरिनेछ ।

२) लागत इष्टिमेट तयार गर्दा कुल इष्टिमेट अंकको ३ % रकम कन्टीजेन्सी स्वरुप राख्न सकिनेछ । उक्त३% रकम प्राविधिकको फिल्ड भत्ता,दैनिकभ्रमण खर्च, अनुगमन तथा मूल्याङ्कन खर्च, र समितिको बैठक खर्चमा प्रयोग गर्न सकिनेछ।

३) एकिकृत नमूना कृषि फार्मको कार्यक्रम तथा योजना निर्माण गर्दा कम्तिमा ७०% पुजिगत र ३० प्रतिशत भन्दा कम चालू प्रकृतिका हुनुपर्नेछ ।

४) एकिकृत नमूना कृषि फार्म संचालन कार्यक्रममा देहाय बमोजिम अनुदान रकम उपलब्ध हुनेछ ।

| क.स. | कार्यक्रम विवरण | अनुदान प्रतिशत |
|---|---|---|
| १. | कृषि उत्पादन सामाग्रीहरु( बिउ, बेर्ना, विरुवा, माछा भुरा, पशु नश्ल लगायत) | बढिमा ५० प्रतिशत |
| २. | प्राविधिक सहयोग/प्रर्वधनात्मक कार्यक्रम | १०० प्रतिशत |
| ३. | प्रयोगशाला सेवाहरु | बढिमा ८५ प्रतिशत |
| ४. | औजार/उपकरणहरु | बढिमा ५० प्रतिशत |
| ५. | पुर्वाधार विकास कार्यहरु | बढिमा ८५ प्रतिशत |

नोटः केही अत्यावश्यक उत्पादन सामाग्रीहरुको व्यवस्थापनका लागि गाउँपालिकाको कृषि विकास समितिको निर्णय अनुसार विषयहरु थप हुन सक्नेछन ।

४) स्वीकृत ईष्टिमेटको आधारमा गाउँपालिका र अनुदानग्राही बीच **अनुसूची ५** बमोजिमको सम्झौता गरिनेछ।

तारारखोला गाउँपालिका

**४.२ कार्यक्रम कार्यान्वयन र भुक्तानी प्रक्रिया :**

४.२.१ छनौट भएका आवेदकहरुले कार्य प्रारम्भ गर्नूपूर्व प्रचलित कानुन अनुसार केही विषयबस्तुमा सम्बन्धित निकायको ईजाजत/स्वीकृत लिनुपर्ने, माटो परिक्षण लगायतका आवश्यक अन्य प्रक्रियाहरु स्वयंले नै पुरा गर्नुपर्नेछ ।

४.२.२ यस कार्यक्रम अनुसारका सम्पूर्ण क्रियाकलापहरु सम्झौता भएको आर्थिक बर्ष भित्रमा सम्पन्न गरिसक्नुपर्नेछ ।अन्य सर्तहरु सम्झौता बमोजिम हुनेछ ।

४.२.३ यस कार्यक्रम अनुसार संचालन हुने नमूना कृषि फार्म निर्माणमा गाउँपालिकाबाट बढिमा रु.५०,००,००० (पचास लाख मात्र) सम्म (नियमानुसार लाग्ने कर सहित) सहजिकरण सेवा सुविधा प्रदान गरिने छ । अनुदानग्राहीले अनुदान बाहेकको खर्च आफै जुटाई कार्यक्रम संचालन गर्नुपर्नेछ ।

४.२.४ सम्बन्धित विषयको प्राविधिक प्रतिवेदन सहित कार्य सम्पन्नताको आधारमा अनुदान रकम सम्बन्धित अनुदानग्राहीको बैंक खाता मार्फत उपलब्ध गराईनेछ।

४.२.५ साझेदारी कार्यक्रम सम्पन्न भईसकेपछि सोको सञ्चालन एवं व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ।

५) अनुदानग्राहीले कम्तिमा १० बर्षसम्म अभिछिन्न रुपमा प्रस्ताव एवं सम्झौता बमोजिमको व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

६) फर्म बिक्री गर्नु पर्ने भएमा गाउँपालिकाको स्वीकृति पछि मात्र गर्नुपर्नेछ ।

६) अनुदानग्राहीले अन्तिम किस्ता भुक्तानी अगावै आफ्नो कृषि व्यवसायको अनिवार्य रुपमा कृषि तथा पशुपंछी विमा गराउनु पर्नेछ ।

## परिच्छेद-५

## <u>अनुगमनतथामूल्यांकन</u>

**५.१ अनुगमनतथामूल्यांकनः**

**५.१.१** गाउँपालिकाले आवश्यकता अनुसार संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

५.१.२ गाउँपालिकाले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

५.१.३ उपदफा (२) बमोजिमको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

नाम्खोला गाउँपालिका

५.१.४ सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाइ गाउँपालिकाले अनुदान रोक्का गर्न सक्नेछ ।यस कार्यविधी अनुरुप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने अनुदाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही गरी अनुदान रकम असुल उपर गरिनेछ ।

## परिच्छेद-६

## विविध

**६.१ प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलीत कानुन बमोजिम हुनेछ

**६.२बाधा अड्काउ फूकाउ** : यसकार्यविधी कार्यान्वयन सम्बन्धमा कुनैद्विविधाभएमासो को निरुपण गाउँपालिकाले गर्नेछ।

**६.३ संशोधन तथा खारेजी** : यो कार्यविधि गाउँ कार्यपालिकाले आवश्यकतानुसार संशोधन तथा खारेज गर्न सक्नेछ ।

तारा खोला गाउँपालिका

**अनुसूचि १**

(दफा ३.२ संग सम्बन्धित)

**एकिकृत नमूना कृषि फार्म स्थापना कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचनाको नमूना**

ताराखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

अर्गल, बागलुङ

**एकिकृत नमूना कृषि फार्म स्थापना कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०....../..../....

यसगाउँपालिकाको आ.व. २०...../..../....को बार्षिक स्वीकृत कृषि विकास कार्यक्रम अन्तर्गत सञ्चालन गरिने एकिकृत नमूना कृषि फार्म स्थापना कार्यक्रम संचालनको लागिअनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुंदाएकिकृत नमूना कृषि फार्म स्थापना कार्यक्रम संचालन गर्न ईच्छुक"ताराखोला गाउँपालिकाको एकिकृत नमुना कृषि फार्म स्थापना कार्यक्रम सञ्चालन कार्यविधि-२०७७"को अनुसूचि ४ वमोजिमको विषय क्षेत्र र मापदण्ड पुगेका/पुर्याउने उद्यमी कृषक, कृषि फार्म, कृषक समूह तथा सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन यस गाउँपालिकाको कृषि शाखामा दर्ता गराउनुहुन वा गाउँपालिकाको ईमेल ठेगाना ito.tarakholamun@gmail.com मार्फत पठाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका निवेदन उपर कुनै कारबाही हुने छैन । छनौट प्रकृया "ताराखोला गाउँपालिकाको एकिकृत नमुना कृषि फार्म स्थापना कार्यक्रम सञ्चालन कार्यविधि-२०७७" अनुसार हुनेछ । उक्त कार्यविधि गाउँपालिकाको वेभसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

**आवश्यक कागजातहरुः**

- कार्यविधिको अनुसूचि २ वमोजिमको ढाँचामा तयार गरिएको निवेदन ।
- कार्यविधिको अनुसूचि ३ वमोजिमको ढाँचामा तयार गरिएको नमूना कृषि फार्म परियोजना प्रस्ताव ।
- कृषक समुह/कृषि सहकारी/कृषि फार्मको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु, बार्षिक अडिट रिपोर्ट र बैठक निर्णयको प्रतिलिपी ।
- कार्यक्रम संचालन हुने स्थानको जग्गाको स्वामित्व देखिने कागजातहरुको प्रतिलिपी वा भाडाको जग्गा भएमा कम्तिमा १० बर्षको करारनामा ।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**पुनश्चः** निवेदन र परियोजना प्रस्ताव यस गाउँपालिको कार्यालयबाट तयार गरिएको निर्दिष्ट ढांचामा पेश गर्नुपर्नेछ ।निवेदन र परियोजना प्रस्तावको ढांचा यस गाउँपालिकाको वेभसाईट www.tarakholamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ वा गाउँपालिकाको कृषि शाखा र वडा कार्यालयबाट पनि निशुल्क प्राप्त गर्न सकिनेछ ।

**थप जानकारीका लागिसम्पर्कः**

ताराखोला गाउँपालिका, अर्गल, बागलुङ ।

Email- ito.tarakholamun@gmail.com

Website – tarakholamun.gov.np

ताराखोला गाउँपालिका

## अनुसूची २

(दफा ३.२ सँग सम्बन्धित)

**एकिकृत नमूना कृषि फार्म स्थापनाको लागि आवेदकले पेश गर्ने निवेदनको ढाँचा**

मिति : ..........................

श्रीमान् प्रमूख प्रशासकीय अधिकृत ज्यू
ताराखोला गाउँपालिकाको कार्यालय,
अर्गल, बागलुङ ।

**विषयः एकिकृत नमूना कृषि फार्म स्थापनाका लागि अनुदान सहयोग सम्बन्धमा ।**

प्रस्तुत विषयमा त्यस गाउँपालिकाबाट सुचना भए अनुसार एकिकृत नमूना कृषि फार्म स्थापना सहयोग कार्यक्रम संचालनका लागि यसैसाथ संलग्न प्रस्तावमा उल्लेख भए अनुसार एकिकृत नमूना कृषि फार्म स्थापना वा संचालनका लागि जम्मा रु. ..........................( अक्षेरुपी.....................................................) कोप्रस्ताब तयार गरीआवश्यक कागजातहरु सहित नियमानुसार अनुदान सहयोगको लागि निवेदन पेश गरेको व्यहोरा अनुरोधगर्दछु/गर्दछौ साथै तपशिल अनुसारका कागजातहरु यसै निबेदन साथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौ ।

**संलग्न कागजातहरु**

१. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा लेखापरिक्षण प्रतिबेदन प्रतिलिपि ।
२. निर्दिष्ट फर्मेट अनुसार परियोजना प्रस्ताव
३. बैठक निर्णयको फोटोकपी
४. प्रस्तावित परियोजना स्थलको फोटो र प्रस्ताव मुल्याङ्कनलाई सहयोग हुने अन्य केही सपोर्ट डकुमेन्ट भए सो समेत
५. सम्बन्धितवडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र

निवेदकको

हस्ताक्षर
नाम
ठेगाना
मोवाईल नं
छाप

ताराखोला गाउँपालिका

## अनुसूचि ३

(दफा ३.२ संग सम्बन्धित)

### एकिकृत नमूना कृषि फार्म स्थापनाको लागि आवेदकले पेश गर्नुपर्ने प्रस्तावको नमूना ।नमुना कृषि फार्म परियोजना प्रस्ताव

**१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरणः**

| | |
|---|---|
| आवेदकको नाम | |
| पुर्ण ठेगाना ( पत्राचारको लागि) | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उदेश्य | |
| सम्पर्क मोबाईल नम्वर | |
| आयोजना स्थल ( कार्य क्षेत्र ) | |
| प्रतावित आयोजनाको कुल खर्च ( यसमा अनुदान र अनुदानग्राहिको तर्फवाट व्यहोर्ने समेत समावेश गर्ने) | |
| आयोजनाबाट माग गरेको कुल अनुदानन रकम | |
| अन्य स्रोत वा वित्तिय सहकार्यवाट कुनै काम भइरहेको भए कुन संस्थाबात के के उदेश्यका लागि बित्तिय सहयोग पाउनुभएको छ, खुलाउनुहोस् । | |
| प्रतावाना पेश गर्ने कार्यालयको नाम | |

**२) प्रस्तावनाको औचित्व तथा महत्व**

तालिकाः ..................................को हालको ब्यसायको अवश्था

| क्र.स. | हालको व्यवसाय | व्यवसायको आकार | वार्षिक अत्पादन (अनुमानित) | बार्षिक कुल अनुमानित आम्दानि (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

**३) अपेक्षित उपलब्धिहरु र बार्षिक उत्पादन विवरण**

प्रस्तावित आयोजनाका अपेक्षित उपलब्धिहरु तपशिल बमोजिमका हुनेछन् (तालिकामा दिन सकिने छ ):

- व्यसायको आकार
- बार्षिक उत्पादन
- बार्षिक जम्मा आम्दानी
- रोजगारी सिर्जना

**४) परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु**

| क्र.स | क्रियाकलाप विवरण | ईकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गर्ने | जम्मा | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नागढुंगा गाँउपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | | |

**५) फर्मले साझरदारिमा संचालन गर्ने कार्यक्रमको अवधिः-**

**६) खर्च विवरण**

**क) पुजिगत खर्चको विवरण**

कृषि यन्त्र,उपकरणहरु, गोठ, भवन, तारबार, पानि व्यवस्थापन आदि जस्ता संरचना निर्माण पशु बस्तु खरिद पुर्व संचालन खर्च आदि।

| क.स. | क्रियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च(रु.) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**ख) चालु खर्चको विवरण ( १ वर्षको मात्र )**

कामदार , मल, बिउ, दाना, घाँस व्यवस्थापन, रोगकिरा व्यवस्थापन आदि।

| क.स. | क्रियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

तारागोला गाँउपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**७) लागत साझेदारी**

तालिकाः लागत साझेदारीमा संचालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| क्र.स | विवरण | जम्मा खर्च (रु.) | अनुदान उपलब्ध गराउने परियोजनाको (रु.) | अनुदानग्राहिको लागत (रु.) |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

८) **व्यवसायीक योजनाः** आवेदकले संचालन गर्ने एकिकृत नमूना कृषि फार्मको भौतिक, आर्थिक, प्राविधिक तथा वित्तिय विश्लेषण सहितको समग्र १० वर्षको व्यवसायीक योजना तयार गरी पेश गर्नु पर्नेछ ।

**नोटः** अनुसूची ३ बमोजिमको प्रस्तावको नमूनामा उल्लेख भए बमोजिमका विषयबस्तुको साथ साथै आवेदकले आवश्यकता अनुसार अन्य सान्दर्भिक विषयवस्तुहरु थप्न सक्नेछ ।

तारखोला गाउँपालिका

## अनुसूचि ४

**(दफा ३.२ संग सम्बन्धित)**

**एकिकृत नमूना कृषि फार्म सञ्चालन गर्न सकिने विषयक्षेत्र र न्यूनतम मापदण्ड**

**क. तरकारी(आलु समेत) उत्पादनः**

कम्तीमा १५रोपनी जमीनमा तरकारी खेती वा १० रोपनी क्षेत्रफलको ग्रीन हाउस वा प्लाष्टिक घरभित्र गुणस्तरयुक्त व्यवसायिक तरकारी उत्पादन गर्ने दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

**ख.फलफुल उत्पादनः**

कम्तीमा २० रोपनी भन्दा बढी जमिनमा विशेष प्रजातीको वा मिश्रित उपयुक्त फलफूल बालि उत्पादन कार्यक्रम सम्बन्धी दिगो व्यवस्थापन सहितको लागत अनुमान र आम्दानी खुलेको परियोजना ।

**ग. दुग्ध उत्पादनः**

कम्तीमा १५ रोपनी जमिनमा घांस, डाले घांसकोपूर्वाधारसहितउन्नतनश्लकाकम्तीमा २५ वटादुधालुगाईवाभैसीपालनरउत्पादीतदुधविक्रिकालागिबजारकोपहुंचरदिंगोव्यवस्थापनसहितकोलागतअनुमानतथाआम्दानीखुलेकोपरियोजना।

**घ.भेडा तथा बाख्रा पालनः**

कम्तीमा १० रोपनी जग्गामा घांस, डाले घांसकोपुर्वाधारसहितउन्नतनश्लकाकम्तीमा १५० वटामाउरउन्नतनश्लका२बोकापालनरदिंगोव्यवस्थापनसहितकोलागतअनुमानतथाआम्दानीखुलेकोपरियोजना।

**ङ.बंगुरपालन/पाडापालन**

उन्नत नश्लका कम्तीमा १०० वटा बंगुर वा भैंसीको पाडा पालन र त्यसलाई चाहिने आवश्यक खोर वा गोठ, दानापानी व्यवस्थापन तथा दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

**च.कुखुरा एवं पंक्षिपालनः**

मासु वा अण्डा उत्पादनका निमित्त कम्तीमा १०,००० लेयर्स वा ब्रोईलर कुखुरा वा अन्य पंक्षिका लागि लगभग १००० वर्गमिटर क्षेत्रको खोर निर्माण र दिंगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

**छ. माछापालन**

ट्राउट माछा ५०० वर्ग मिटर क्षेत्रफलको रेसवे रकार्प वा अन्य प्रजातीपोखरी निर्माणमा कम – खर्चिलो, पानी नसोस्ने र पानीको निकास भएको कम्तीमा १५ रोपनी जमीनको पोखरी सहित आवश्यक प्रविधि

नागढुंगा गाउँपालिका

उत्पादन र बजार मुल्य श्रृंखलको आधार र दीगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

**ज. अलैची, कफि तथा चिया**

कम्तीमा ५० रोपनी जमिनमा अर्गानीक अलैची, कफी तथा चिया उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

**झ. च्याउ उत्पादन**

कम्तीमा बार्षिक २००० के.जि. कन्ये वा गोब्रे च्याउ बिउ र कम्तिमा १०,००० मुडामा सिताके च्याउ बिउको प्रयोगगरि सिफारिस प्रविधि अनुसार च्याउ उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

**ञ. मौरीपालन**

कम्तीमा १००० वटा आधुनिक मौरीघारको प्रयोग गरि सिफारिस प्रविधि अनुसार मैरीपालन गरि मह उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

**ट. अन्य वालि तथा बस्तुहरु**

तरकारी बालीको बीउ उत्पादन, पुष्प उत्पादन, लसुन, अदुवा,वेसार र अन्य मसलाजन्य वा नगदे बालीहरु व्यवसायिक रुपमा कम्तीमा३० रोपनी भन्दा वढी जमिनमा लगाउन दिगो व्यवस्थापन सहितको लागत अुनमान तथा आम्दानी खुलेको परियोजना ।

**ठ. एकीकृत व्यवसाय**

कम्तीमा बार्षिक सञ्चालन खर्च रु. १० लाख लागत अनुमान भएकोमाथिक देखि ट सम्म उल्लेखित कुनै २ वा सो भन्दा बढी बस्तुको एकीकृत उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको परियोजना पेश ।

तारखोला गाउँपालिका

## अनुसुची ५
### (दफा ४.१ संग सम्बन्धित)
### एकिकृत नमूना कृषि फार्म स्थापनाको लागि सम्झौता पत्रको नमूना

**सम्झौता पत्र**

श्री ..........................................................(यस पछी पहिलो पक्ष भनिने) र बागलुङ जिल्ला ताराखोला गाउँपालिका वडा नं. .......... मा स्थापना भएको श्री ..........................................का प्रोपाइटर वा अध्यक्ष (यस पछी दोश्रो पक्ष भनिने) विच साझेदारी/सहकार्यमा आ.व. २०...../..... को स्वीकृत एकिकृत नमूना कृषि फार्म स्थापना सहयोग कार्यक्रम ताराखोला गाउँपालिका वडा नं. .......मा संचालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सझौता– पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

तपसिल :

१.यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

दोस्रो पक्षले कार्यालयको लागत इष्टिमेट अनुसार .....................व्यवसाय ................(व्यवसायको आकार उल्लेख गर्नुपर्ने) मा सञ्चालन गरेको हुनु पर्ने छ । यसरी स्थापना गरिने एकिकृत नमूना कृषि फार्मको कुल लागतको बढिमा ....... प्रतिशतले हुन आउने रु. ................. अक्षेरुपी ................................. रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

३. लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफै सञ्चालन गर्नुपर्नेछ ।

४. सम्झौता भएको मितिले १५ दिन भित्र मोडल फार्म स्थापनाको लागत ईष्टिमेट अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ । यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ ।

५. दोश्रो पक्षले यहि २०.......... साल ..............महिना ...... गते भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरि सक्नु पर्नेछ ।

६. दोस्रो पक्षले लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु आफैंले नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टामा कार्यक्रम दिन पाईने छैन ।

७. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

प्रथम पक्षको तर्फबाट
नाम थर :
पद :
संस्थाको नाम र छाप :
मिति :

द्रोस्रो पक्षको तर्फबाट
नाम थर :
पद :
संस्थाको नाम र छाप :
मिति :

<u>साक्षिहरुः</u>

१. अध्यक्ष, ताराखोला गाउँपालिका
२. शाखा प्रमूख, आर्थिक प्रशासन शाखा

ताराखोला गाउँपालिका